गुठि संस्थान
शाखा कार्यालय
भक्तपुर
२०२१

# गुठी संस्थान, शाखाकार्यालय, भक्तपुरको
## गुठी तैनाथी घर टहरा बहालमा दिने सम्बन्धी ३० दिने सार्वजनिक सूचना

यस संस्थानको स्वामित्वमा रहेको भ.न.पा. वडा नं ७ माहेश्वरी द्योछैं घरको २ वटा कोठा पसल केवल र श्री आकाश भैरव नौ बाजा भजन गुठीको भ.न.पा.वडा नं कि.नं. १८४ को क्षे.फ. ०-०-१-० जग्गा ५ (पाँच) वर्षको लागि बहालमा दिनुपर्ने भएकोले सो का लागी आवश्यक पर्ने बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले ३०औ दिनसम्म यस कार्यालयबाट खरिद गरी आफूले तिर्नु बुझाउन चाहेको दर अंक अक्षरमा भरी सिलबन्दी गरी ३१औ दिनको १२:०० बजे सम्म सिलबन्दी बोलपत्र यस कार्यालयमा बुझाई सक्नु पर्ने छ । सूचनाका अन्य विस्तृत शर्तहरु यस संस्थानको Website:www.guthisansthan.org.np तथा यस कार्यालयको सूचना पाटीमा समेत हेर्न सकिने व्यहोरा सूचितगरिन्छ ।

गुठी संस्थानशाखाकार्यालय, भक्तपुर

खिमा वली
कार्यालय प्रमुख

गुठि संस्थान
शाखा कार्यालय
भक्तपुर
२०२१

०६३।२।१३

## गुठी संस्थान, शाखा कार्यालय, भक्तपुरको
## गुठी तैनाथी घर पसल बहालमा दिने सम्वन्धी ३० दिने सार्वजनिक सूचना

यस कार्यालय अन्तर्गतका तपसिल बमोजिमका घर पसल ५ बर्षका लागी बहालमा दिनुपर्ने भएकोले शिलबन्दी बोलपत्र प्रस्ताव पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| जिल्ला | न.पा/गा.वि.स | वडा नं | कि.नं. | घर पसलको नाम | न्युनतम मासिक रकम |
|---|---|---|---|---|---|
| भक्तपुर | भ.न.पा | ७ | - | माहेश्वरी द्योछेँ घर | ९०००।- |
| भक्तपुर | भ.न.पा | ५ | १८४ | नौबाजा भजन गुठीको जग्गा | ३१०००।- |

**पालनागर्नुपर्ने शर्तहरु**

१. बोलपत्रफारम रु.१०००।- (एक हजार मात्र) नगदबुझाई (फिर्ता नहुने) यस कार्यालयबाट यो सूचना प्रकाशित भएको मितिले ३० औ दिनसम्मखरिद गर्न सकिनेछ ।

२. यो सूचना प्रकाशित भएको मितिले ३१ औ दिनको दिउसो १२:०० बजेसम्म आफुले लिन चाहेको वार्षिक ठेक्का रकम अंक अक्षरमा उल्लेख गरी यस शाखा कार्यालयमा शिलवन्दी बोलपत्र फारम दर्ता गराई सक्नुपर्नेछ । दर्ता भएका बोलपत्र सोही दिन दिनको २:०० बजे साक्षी प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । प्रतिनिधि उपस्थित नभए प्रस्ताव खोल्न बाधा पर्ने छैन ।

३. आफुले मासिक बहाल रकम के कतिबुझाउने हो सो को ५ बर्षको वहाल बराबरको रकमको २.५% (दुई दशमलव पाँच प्रतिशत) ले हुनआउने रकम यस कार्यालयको सानिमा बैकमा रहेको धरौटी खाता नं ००८०१०००००८०२ मा जम्मा गरेको सक्कलै बैक भौचर वा सो बराबरको जमानत पत्र संलग्न हुनुपर्नेछ । प्रस्ताव स्वीकृत भएमा कार्यालयले जानकारी गराएको मितिले ७ (सात) दिनभित्र पहिलो किस्ताको रकम र प्रर्याप्त जेथा जमानत राखेपछि मात्र सम्झौता गरी चलनपुर्जी दिइनेछ । समयमा सम्झौता नगरे धरौटि वापतको रकम जफत गरिनेछ ।

४. बोलपत्र स्वीकृत भएमा ६(छ) महिना बराबरको बहाल रकम अग्रिम रुपमा धरौटी राख्नु पर्नेछ ।

५. तैनाथी जग्गाको संरक्षण र सम्बर्द्धन गर्नु प्रस्ताव सकार गर्ने व्यक्ति फर्म जिम्मेवारी हुनेछ । तोकिएको कार्य बाहेक अन्यकार्य गरे गराएमा नोक्सान भएको बिगो जति पेश भएको जमानतबाट र नपुग हुने जति रकम सरकारी बाँकी सरह घर घरानाबाट असुल उपर गरिनेछ ।

६. गुठी संस्थानलाई तिर्न वा बुझाउन बाँकी बक्यौता राख्ने तथा कालोसूचिमा परेका व्यक्ति फर्मले यस प्रस्ताव प्रकृयामा भाग लिन पाउने छैन । भाग लिएको पाइएमा प्रकृया रद्ध गर्न सकिनेछ ।

७. प्रस्ताव साथ व्यक्ति हकमा स्थायी लेखा नं नेपाली नागरीकता प्रमाण पत्रको प्रतिलिपी र संघ सस्थाको हकमा संस्थादर्ता प्रमाणपत्र र मु.अ.कर दर्ता प्रमाणपत्रको आफैले प्रमाणित गरेको प्रतिलिपि सहित गतआ.व.सम्मको कर चुक्ता प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

८. प्रस्ताव बुझाउने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछि लगत्तै कार्यालय खुलेको दिन कायम गरिनेछ ।

९. पर्न आएका प्रस्तावहरु स्वीकृत गर्ने नगर्ने सर्वाधिकार गुठी संस्थानमा निहित रहनेछ ।

१०. विस्तृत जानकारीको लागि यस संस्थानको वेबसाइट www.guthisansthan.org.npमा सम्पर्क राख्न सकिनेछ ।

गुठी संस्थान शाखा कार्यालय भक्तपुर
फोन नं ५०९२५६८